**Academic Voices**
A Multidisciplinary Journal
Volume 3, No. 1, 2013
ISSN 2091-1106

# उमानाथ शास्त्री सिन्धुलीय र उनको 'मकवानी बाला' महाकाव्यमा प्रयुक्त छन्दहरु

**बलराम दाहाल**
*नेपाली शिक्षा विभाग, त्रि.वि., ठाकुर राम बहुमुखी क्याम्पस, बीरगंज, नेपाल*

**सार**

*उमानाथ शास्त्री सिन्धुलीय नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने प्रतिभा हुन्। विशेषगरी यिनी कविका रुपमा परिचित छन्। यिनले विविध विषयमा पूर्ण, अर्पूण महाकाव्य लेखेका छन्। यिनले लेखेको पूर्ण र प्रकाशित महाकाव्य 'मकवानी वाला' हो। ऐतिहासिक विषयवस्तुमा लेखिएको यो महाकाव्य पूर्वीय शास्त्रीय परंपराका मूल्य मान्यता अनुसार लेखिएको छ। यसमा विविध छन्दहरुको प्रयोग गरिएको छ। यस सानु लेखमा उमानाथ शास्त्री सिन्धुलीयको सामान्य परिचय र मकवानी वालामा प्रयुक्त छन्दसम्बन्धी चर्चा गरिएको छ। यसबाट पाठकहरुले थोरै मात्रामा भए पनि उमानाथको परिचय र उनको महाकाव्यमा प्रयुक्त छन्दसम्बन्धी जानकारी प्राप्त गर्ने आशा गरिएको छ।*

**मुख्य शब्दहरू**
कवि; कविता; साहित्य; खण्डकाव्य; महाकाव्य; छन्द; श्लोक; सर्ग

## परिचय

उमानाथ शास्त्री सिन्धुलीयको जन्म विक्रम सम्वत् १९७८ साल जेठ २३ गते आइतबार दिउँसो जनकपुर अंचल, महोतरी जिल्लाको जलेश्वरमा भएको हो। खरदार पुण्य प्रसाद उपध्याय र देवकीदेवीका प्रथम सन्तानका रुपमा जन्मिएका उमानाथको मौलिक नाम ओंकार केशरी हो (गजुरेल, २०५७) उनले संस्कृत माध्यमबाट 'शास्त्री' परीक्षा उतीर्ण गरेपछि तत्कालीन प्रचलन अनुसार आफ्नो नामको अगाडि 'पं', पछाडि शास्त्री एवं आफ्नो स्थानीयता बोधका लागि 'सिन्धुलीय' उपनामथपी ,नेपाली साहित्य एवं समाजमा आफूलाई 'उमानाथ शास्त्री सिन्धुलीय'का नामले चिनाएका हुन्।

उनको स्थायी बसोवास सिन्धुली बजार नजिकैको 'गैयाँटार' मा हो। प्रारम्भमा उनी राजनीति एवं शिक्षण पेशामा संलग्न रहे पनि केही वर्षपछि राजनीति क्षेत्र छोडी, जीवननिर्वाहका लागि शिक्षण पेशामा नै संलग्न रहे। साथै साहित्य साधनामा पनि संलग्न रहे। जीवनको अन्तिम घडीसम्म पनि साहित्य साधना एवं शिक्षण पेशामा संलग्न सिन्धुलीयको सिन्धुलीकै 'दुंग्रेवास' भन्ने ठाउँमा विक्रम सम्ब्त २०३४ साल फाल्गुन १६ गते विहानी पख ५६ वर्षको उमेरमा देहावसान भयो।

## साहित्यिक यात्रा र उनका कृतिहरू

सिन्धुलीय नेपाली साहित्य क्षेत्रका विविध विधामा साधनरत व्यक्ति हुन्। उनले नेपाली साहित्य क्षेत्र अन्तर्गत कविता, खण्डकाव्य, महाकाव्य, निबन्ध, एकाङ्की एवं दैनिकीमा कलम चलाएका छन्। ग्रामीण परिवेशमा रही, संघर्षमय जीवन विताउन परे पनि (विशेषत :आर्थिक दृष्टिले) उनी

साहित्यसाधनाबाट कति पनि विचलित देखिदैनन्। जीवनको अन्तिम घडीसम्म पनि उनी अनवरतरुपमा साहित्य-साधनामा सक्रिय देखिन्छन्। शहरी परिवेशबाट जीवनभरि टाढा रहेर पनि नेपाली साहित्य-साधनामा लागिरही, साहित्य क्षेत्रमा योगदान दिने साहित्यकारका रुपमा उनको नाम पनि उल्लेखनीय रहेको देखिन्छ।

सिन्धुलीय संस्कृत साहित्यको गहन अध्ययनबाट प्राप्त शास्त्रीय साहित्यिक ज्ञानले खारिएका देखिन्छन्। उनको शास्त्रीय साहित्यिक ज्ञान, सहज प्रतिभा एवं स्वच्छन्दतावादी प्रवृतिका आधारमा लिखित उनका अधिकांश कविता, खण्डकाव्य एवं महाकाव्यले नेपाली राष्ट्रियता, साहित्य एवं संस्कृतिको संरक्षण एवं संवर्ध्दनमा महत्वपूर्ण योगदान पुऱ्याएको अनुभव हुन्छ।

सिन्धुलीयले नेपाली साहित्य-क्षेत्रका विविध विधामा कलम चलाए तापनि कविता विधामा नै उनी विशेष सक्रिय रहेका देखिन्छन्। उनले फुटकर कवितादेखि खण्डकाव्य एवं महाकाव्यसम्म लेखेका छन्। यस विधामा रचित उनका कविताकृतिहरुमध्ये कमलास्तुति परिचय (खण्डकाव्य २००१), तरुणी खण्डकाव्य २००४), विदेहवाला (महाकाव्यांश २०२५, तीनओटा सर्गसध्ये पहिलो सर्गमात्र उपलब्ध), मकावानीबाला (महाकाव्य २०३५), मधुर सपना (कवितासंग्रह २०१५), एवं १५ ओटा कविता (उदय नामक पत्रिकामा १३, आकाक्षा नामक पत्रिकामा १ र 'उषा' पत्रिकामा १) प्रकाशित छन्। (गजुरेल, २०५७)

सिन्धुलीयका प्रकाशित कृतिहरुमध्ये ऐतिहासिक विषय-वस्तुमा आधारित 'मकवानीवाला' (२०३५) पूर्वीय साहित्य शास्त्रीय सिध्दान्तको पूर्णपरिचालन गरी लेखिएको महाकाव्य हो। (भण्डारी, २०५६) यस काव्यमा प्रयुक्त साहित्य शास्त्रीय तत्वहरुमध्ये छन्दका विषयमा संक्षिप्त चर्चा गर्नु यस सानु लेखको उद्देश्य हो।

## महाकाव्यमा छन्दप्रयोग सम्बन्धी दृष्टिकोण

साहित्य शास्त्रीय परम्परामा महाकाव्य लेखनका लागि महाकाव्यीय सिध्द्धान्तको ब्यापक चर्चा गरेको पाइन्छ। महाकाव्य संरचनाका लागि आवश्यक तत्वहरुको चर्चाका कममा छन्दको पनि चर्चा पाइन्छ र महाकाव्यमा यसको आफ्नैकिसिमको महत्व रहेको देखिन्छ। 'काव्यादर्श' का लेखक दण्डीको भनाइअनुसार महाकव्यमा छन्दको प्रयोग भएको हुनुपर्छ र सर्गान्तमा छन्दपरिवर्तन समेत हुनुपर्छ। त्यस्तै 'साहित्यदर्पण' का लेखक विश्वनाथको भनाइ अनुसार महाकाव्यको कुनै पनि सर्गमा एउटै वा विभिन्न छन्दको प्रयोग भएको हुनुपर्छ र सर्गान्तमा छन्दपरिवर्तन हुनु आवश्यक छ। यसरी साहित्य शास्त्रीय परंपरामा महाकाव्य लेखनका लागि छन्दप्रयोग एक प्रकारले अनिवार्य मानेको देखिन्छ।

## छन्द प्रयोगका दृष्टिले मकवानी बाला

यस सन्दर्भमा चर्चित मकवानीबाला महाकाव्यमा शास्त्रीय परंपरा अनुसार नै वार्णिक एवं भात्रिक छन्दको प्रयोग गरी महाकाव्यको संरचना भएको पाइन्छ। यस महाकाव्यमा प्रयुक्त छन्दका बारेमा गजुरेल भन्छन्-'मकवानीबाला' शास्त्रीय छन्दहरुको प्रयोगका दृष्टिले संख्यात्मकरुपले हेर्दा प्रस्तुत महाकाव्य बेजोडको रहेको छ। वार्णिक र मात्रिक गरी ५१ ओटा छन्दहरुको सुन्दर प्रयोगले सहज भावोच्छलन प्रवाहित भएको देखिन्छ। देवकोटाको शाकुन्तललाई ३२ ओटा छन्दहरुको प्रयोगका दृष्टिले छन्दहरुको प्रयोगशाला मान्न सकिन्छ भने 'मकवानीबाला' अझ वृहत् प्रयोगशाला सावित हुन्छ' (गजुरेल, २०५७) त्यसै गरी गजुरेलले आफ्नो किताबमा उल्लेख गरेअनुसार मकवानीबालाको बारेमा भरतराज पन्त लेखछन्-यो महाकाव्य पल्टाउनासाथ शास्त्रीय छन्दका दृष्टिले पनि महाकवि लक्ष्मीप्रसाद देवकोटालाई नसंझी रहन सकिन्न। कुनै शास्त्रीय छन्दको बन्धनले पनि जसको सहज उच्छलितविचार प्रवाहमा गतिरोध ल्याउन सकेन। ठीक त्यस्तै यस महकाव्यमा पनि ..... (पन्त, २०३५)

भावाभिव्यक्तिमा छन्द बाधक बन्ने विचार पनि नपाइने होइन। तर सहज प्रतिभाद्धारा प्रस्फूटित कविकौशलपूर्ण वाणीमा छन्द भावाभिव्यक्तिमा बाधक नभएर सहयोगी हुने कुरा देवकोटाको शाकुन्तल र यसै मकवानीबालालाई उदाहरणका रुपमा लिन सकिन्छ। यस महाकाव्यमा छन्द मिलाउने कममा भाषिक अशुद्धि एवं भाव खल्वलिएको वा त्यसमा बाधा परेको अनुभव हुँदैन। बरु छन्दले सहज भावाभिव्यक्तिमा सहयोगका साथ काव्यलाई संङ्गीतात्मकता प्रदान गरी पठनीय एवं आकर्षक बनाएको पाइन्छ। छन्दले आनन्द प्रदान गरी काव्यात्मक भावलाई सुसंगठित बनाउँछ भन्ने भनाइ यस महाकाव्यमा सार्थक भएको प्रतीत हुन्छ।

## मकवानी बालाको संरचना र छन्दको प्रयोग

यो महाकाव्य जम्मा २३ सर्गमा रचिएको छ। महाकाव्यमा पूर्वाध्र्द र उतराध्र्द गरी दुई भाग छन्। पूर्वाध्र्दमा १२ ओटा सर्ग र बाँकी सर्गहरु उतराध्र्दमा पर्दछन्। जम्मा १२११ ओटा

पद्यमा रचित यस महाकाव्यमा ५१ ओटा छन्दहरुको प्रयोग भएको छ। तीमध्ये अनुष्टुप् (सर्ग ३,४र५ मा) शार्दूलविकीडित (सर्ग ७ र ८मा) एवं ललिता (सर्ग १५ र १७ मा) छन्दहरु दोहोरिएका छन् भने बाँकी छन्दहरु नदोहोर्‍याइकन प्रयोग गरिएका छन्। प्रत्येक सर्गमा (१२ वाहेक) कम्तीमा दुइटा छन्दको प्रयोग गरिएको छ र परंपरागत साहित्य शास्त्रीय नियमको पालना गरी सर्गान्तमा छन्दपरिवर्तन गरिएको छ। बाहौं सर्गमा चाहिं जम्मा १२ ओटा छन्दहरुको प्रयोग गरिएको पाइन्छ।

## महाकाव्यका प्रत्येक सर्गमा प्रयुक्त छन्द र श्लोकसंख्या

| सर्ग | जम्मा श्लोक संख्या | देखि | सम्म | छन्दको नाम | छन्द अनुसार श्लोकसंख्या |
|---|---|---|---|---|---|
| १ | ४८ | १ | ४४ | मणिमाला | ४४ |
| | | ४५ | ४८ | मदलेखा | ४ (सर्गान्तमा) |
| | | | | | |
| २ | ४९ | १ | ४५ | मदलेखा | ४५ |
| | | ४६ | ४९ | मालिनी | ४ (सर्गान्तमा) |
| | | | | | |
| ३ | ६८ | १ | ६४ | अनुष्टुप | ६४ |
| | | ६५ | ६८ | गीति | ४ (सर्गान्तमा) |
| | | | | | |
| ४ | ४८ | १ | ४४ | अनुष्टुप | ४४ |
| | | ४५ | ४८ | वैश्वदेवी | ४(सर्गान्तमा) |
| | | | | | |
| ५ | ५८ | १ | ५५ | अनुष्टुप | ५५ |
| | | ५६ | ५८ | चम्पकमाला | ३ (सर्गान्तमा) |
| | | | | | |
| ६ | ६८ | १ | ६५ | शिखरिणी | ६५ |
| | | ६६ | ६८ | प्रभावती | ३ (सर्गान्तमा) |
| | | | | | |
| ७ | ४७ | १ | ४४ | शार्दूलविकीडित | ४४ |
| | | ४५ | ४७ | रथोध्दता | ३ (सर्गान्तमा) |
| | | | | | |
| ८ | ४७ | १ | ४३ | शार्दूलविकीडित | ४३ |
| | | ४४ | ४७ | | ४ (सर्गान्तमा) |
| | | | | | |
| ९. | ४८ | १ | ४५ | उपजाति | ४५ |
| | | ४६ | ४८ | पुष्पिताग्रा | ३ (सर्गान्तमा) |
| | | | | | |
| १०. | ४९ | १ | ४५ | इन्द्रबज्रा | ४५ |
| | | ४६ | ४९ | उपगीति | ४ (सर्गान्तमा) |
| | | | | | |
| ११. | ४९ | १ | ४६ | स्वागता | ४६ |
| | | ४७ | ४९ | तोटक | ३ (सर्गान्तमा) |

| सर्ग | जम्मा श्लोक संख्या | देखि | सम्म | छन्दको नाम | छन्द अनुसार श्लोकसंख्या |
|---|---|---|---|---|---|
| १२ | ७५ | १ | ९ | शशिवदना | ९ |
| | | १० | १४ | नगस्वरुपिणी | ५ |
| | | १५ | १९ | इन्दिरा | ५ |
| | | २० | २४ | वियोगिनी | ५ |
| | | २५ | ३४ | अक्षरपङ्क्ति | १० |
| | | ३५ | ४४ | विद्युल्लेखा | १० |
| | | ४५ | ४९ | हरिणी | ५ |
| | | ५० | ५५ | भुजङ्गप्रयात | ६ |
| | | ५६ | ६० | वंशस्थ | ५ |
| | | ६१ | ६५ | स्रग्धरा | ५ |
| | | ६६ | ७० | प्रमिताक्षरा | ५ |
| | | ७१ | ७५ | विद्युन्माला | ५ (सर्गान्तमा) |
| | | | | | |
| १३. | ४८ | १ | ४४ | तूणक | ४४ |
| | | ४५ | ४८ | प्रहर्षिणी | ४ (सर्गान्तमा) |
| | | | | | |
| १४. | ५९ | १ | ५३ | पृथ्वी | ५३ |
| | | ५४ | ५९ | माणवकाकीडित | ६ (सर्गान्तमा) |
| | | | | | |
| १५. | ४८ | १ | ४५ | ललिता | ४५ |
| | | ४६ | ४८ | कुसुमविचित्रा | ३ (सर्गान्तमा) |
| | | | | | |
| १६ | ५८ | १ | ५५ | अभिनवताभरसा | ५५ |
| | | ५६ | ५८ | पञ्चचाभर | ३ (सर्गान्तमा) |
| | | | | | |
| | | | | | |
| १७ | ४७ | १ | ४४ | ललिता | ४४ |
| | | ४५ | ४७ | दोधक | ३ (सर्गान्तमा) |
| | | | | | |
| १८ | ५९ | १ | ५५ | उद्गीति | ५५ |
| | | ५६ | ५९ | वसन्ततिलका | ४ (सर्गान्तमा) |
| | | | | | |
| १९ | ४८ | १ | ४५ | हरिणीप्लुता | ४५ |
| | | ४६ | ४८ | हलमुखी | ३ (सर्गान्तमा) |
| | | | | | |
| २० | ४७ | १ | ४४ | अनुष्टुप | ४४ |
| | | ४५ | ४७ | इन्द्रवंशा | ३ (सर्गान्तमा) |
| | | | | | |
| २१ | २८ | १ | ४४ | स्रग्विणी | ४४ |
| | | ४५ | ४८ | मञ्जुभाषिणी | ४ (सर्गान्तमा) |
| | | | | | |
| २२ | ४७ | १ | ४४ | उपेन्द्रबज्रा | ४४ |
| | | ४५ | ४७ | आर्या | ३ (सर्गान्तमा) |
| | | | | | |
| २३ | ४८ | १ | ४५ | मन्दाकान्ता | ४५ |
| | | ४६ | ४८ | शालिनी | ३ (सर्गान्तमा) |

उपर्युक्त विविध छन्दहरुको प्रयोग गरी लेखिएको मकवानीबाला महाकाव्य छन्दप्रयोगका दृष्टिले नेपाली महाकाव्य परम्परामा बहुविध छन्दप्रयुक्त महाकाव्यका रुपमा रहेको देखिन्छ ।

## निष्कर्ष

उमानाथ शास्त्री सिन्धुलीय संस्कृत साहित्यको गहन अध्ययनबाट प्राप्त शास्त्रीय साहित्यिक ज्ञानले खारिएका व्यक्तित्व मानिन्छन्। उनको मकवानी बाला महाकाव्य यसैको उपज हो।

कविता-विधाको बृहत रुप मानिने महाकाव्य जीवन र जगत्को विस्तृत अभिव्यक्ति हो। शास्त्रीय परम्पराका मूल्य मान्यता अनुसार भावपक्ष एवं शिल्पपक्ष दुवै दृष्टिले महाकाव्य उच्च स्तरीय एवं गरिमामय हुनुपर्ने मानिन्छ। शिल्पका दृष्टिले महाकाव्यको उच्च गरिमा कायम राख्न र काव्यलाई लयात्मक, संगीतमय, मोहक, स्मरणीय एवं सघन भावपूर्ण बनाउन छन्दले ठुलो सहयोग पुऱ्याउछ। यसैले महाकाव्यको संरचनामा छन्दलाई अनिवार्य मानिएको छ।

शास्त्रीय परम्पराका यिनै कुराहरुलाई आत्मसात् गरी लेखिएको "मकवानी बाला" महाकाव्यमा प्रयुक्त विविध छन्दद्वारा यो महाकाव्य नेपाली महाकाव्यमा आफ्नै किसिमको पहिचान भएको, पठनीय एवं उपलब्धिपूर्ण बनेको छ।

## सन्दर्भ सामग्री

उपाध्याय, केशव प्रसाद (२०३०)। *साहित्य प्रकाश*, पुल्चोक, ललितपुर : साझा प्रकाशन।

गजुरेल, गोविन्द (२०५७) । *उमानाथ शास्त्री सिन्धुलीय : एक विश्लेषणात्मक अध्ययन*, काठमाण्डौ : शब्दघर प्रकाशन।

थापा, मोहन हिमाँशु (२०३६) । *साहित्य परिचय*, पुल्चोक, ललितपुर : साझा प्रकाशन।

पन्त, भरतराज (२०३५) । *महाकाव्य जगतमा मकवानी बाला*, मधुपर्क, वर्ष-११, अंक-१०।

भण्डारी, पारसमणि (२०५६)। *गरिमा*, वर्ष-१७, अंक-५।

सिन्धुलीय शास्त्री, उमानाथ (२०३५) । *मकवानी बाला*, साझा प्रकाशन, पुल्चोक, ललितपुर : साझा प्रकाशन।